मिति : २०६९/०२/३०

# प्रेस विज्ञप्ती

## आगामी बर्ष जुन १२ का दिन नेपालमा सरकारी सेवा सुविधा लिने सम्पूर्ण व्यक्ति तथा त्यसका परिबारहरुले घरेलु बालश्रमिक प्रयोग नगर्ने असल नागरिक भएको घोषणा गर्ने बर्ष

जून १२ लाई बाल श्रम विरुद्ध अन्तर्राष्ट्रिय दिवस विश्व भरि र नेपालमा पनि बार्षिक रुपमा मनाइदै आएको छ । सायद हामीले दिबस भन्ने शब्दलाई पर्व, चाडको रुपमा मात्र बुझेका छौं, जसरी दशैलाई मिठो खाने र राम्रो लाउने पर्वको रुपमा लिन्छौं । यो बर्षको बालश्रम विरुद्धको अन्तर्राष्ट्रय दीबस पनि यसै गरि र्‍याली निकाल्ने, ब्यानर बोक्ने, भाषण ठोक्ने पर्बको रुपमा सरकारी तथा गैरसरकारी निकायकातर्फबाट मनाइएको छ । बास्तवमै बालश्रमलाई निमिट्यान्ट बनाउने हो भने यो दिनलाई गत बर्षभरि बालश्रमका विरुद्धमा सरकारी तथा गैरसरकारी क्षेत्रमा भएको गतिविधीको मुल्याङन र आउँदो बर्षको लागी गरिने कार्यक्रमको घोषणा गर्ने दिनको रुपमा लिनु पर्ने हो, आफुले आफैलाई मुल्याङन गर्ने दिन हुनुपर्ने हो । के हामीले आजको दिन नेपाल सरकार र गैरसरकारी संघसंस्थाहरुबाट गत बर्ष के कस्तो बालश्रम उल्मुलनको लागी प्रयास गर्‍यौं, त्यसमा के कस्ता कमीकमजोरी भयो र कुन माध्यमबाट त्यस्ता कमजोरीहरु हटाउन सकिन्छ र कार्यन्वयनमा जादाँ आई पर्ने समस्याहरुको न्यूनीकरण गर्न सकिन्छ भन्ने कुरामा मुल्याङन गर्न सक्यौ ?

हामी आग्रह गर्न चाहान्छौं, १२ जुनलाई “गत बर्ष भरि बाल श्रमको न्यूनिकरणको लागी सरकारी तथा गैरसरकारी क्षेत्रमा भएको प्रायसको मुल्याङन र आउदो बर्षको लागी गरिने कार्यक्रमको घोषणा गर्ने दिनको रुपमा” मनाऔं ।

**भनिन्छ ७५ प्रतिशत घरेलु बालश्रमिकहरु नेपाल सरकारको सेवा सुबिधा लिने व्यक्ति तथा परिबारहरु (*निजामती कर्मचारी, नेपाल प्रहरी, नेपाली सेना, सरकारी स्वामित्वका निकायहरुमा बहालवाला तथा निभृत्तिभरणमा रहेका) मा* रहेका छन् ।** हामी नेपाल सरकारसँग आउदो बर्षभित्र कम्तीमा घरेलु बालश्रमीकको न्यूनीकरणको लागी सबै नेपाल सरकारको सेवा सुबिधा लिने व्यक्ति तथा परिबारहरुले घरेलु बालश्रमीक राखिएको छ भने निश्चित समय तोकेर त्यस्ता श्रमिकलाई मुक्त गर्न आव्हान गरोस र उक्त समयभित्र पनि त्यस प्रकारको बालश्रमीक नहटाएको पाइएमा तुरुन्त कारबाही गर्नको लागी निरिक्षण गर्ने संयन्त्र बनाओस भन्ने आग्रह गर्दछौं । साथै सम्पूर्ण राष्ट्रसेवकहरुले सेवामा प्रवेश गर्दा र हाल कार्यरत व्यक्तिहरुबाट पनि १ महिना भित्र घरेलु बालश्रमिक नराख्ने लिखित प्रतिबद्धता लिओस भन्ने आग्रह गर्दछौं । जसबाट आउदो १२ जुनको दिन नेपाल सरकारले नेपालमा सरकारी सेवा सुविधा लिने व्यक्ति तथा त्यसका परिबारहरु घरेलु बालश्रमिक प्रयोग नगर्ने असल नागरिक भएको घोषणा गर्न सकोस र घोषणा गरोस भन्ने जोडदार रुपमा माग गर्दै कार्यान्वयनका लागि आग्रह समेत गर्दछौं ।

बालबालिका र तिनका अधिकारलाई राष्ट्रको पहिलो र उच्च प्रथमिकतामा राखोस् भन्ने आग्रह गर्दछौं ।

मनोजकुमार कँडेल

महासचिव

बालबालिकाका निमित्त गैरसरकारी
संस्थाहरुको महासंघ, नेपाल